# नानीमा राखेको पानी

*कृष्ण प्रधान*

सडकहरूमा पोखिएछ
छताछुल्ल पानी
आँखामा राखेको पानी ।

नानीहरू आँखाभर ओर्लेका छन्
सडकमा
पानी पोखिएको छ
आँखामा बसेको पानी ।

कसले हल्लायो पानीको त्यो हत्तर ?
सगुनलाई हेरेर बसेको पानी
मूलढोकाबाटै हराएको छ ।

बास बसेकोथ्यो पानी आँखैमा
कसले बिच्क्यायो त्यो बास ?
उखेलिएछ पानीको गुड बासैबाट ।

मोती झैं लाग्ने पानीका शीतहरू
हत्तरमा बटुलिएका मुटु झैं
ढुक्ढुकीबाटै हराएछन् शीतहरू ।

नाँचिरहेछ यसबेला सडकको पानीमाथि
एउटा भ्यागुता
आफ्नो लम्बोदर नाप्दै भू(गोल सम्झेर ।

सडकहरूमा लुटिएछ पानी
आँखैमा राखेको पानी
नानीमा राखेको पानी ।

रचनाकाल: २०५६ कार्तिक ।
*पानीको सगुन हेर्न राखिने ताँमाको सानु*